# बुद्धशान्ति गाउँपालिकाको आर्थिक बुलेटिन

बर्ष - १, अंक - १, आ.ब. २०८१/०८२ कार्तिक, २०८१

बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा



## सम्पादकीय

गत आर्थिक बर्षको तुलनामा चालु आर्थिक बर्ष २०८१ को असोज मसान्त सम्मको खर्चमा बृद्धि भएको छ । गत आ.ब. २०८०/०८१ भन्दा चालु आ.ब.को असोज सम्मको पूजिगत खर्चमा १२२.९१ प्रतिशतले बृद्धि भएको छ ।पालिकाको समग्र आयमा समेत अघिल्लो बर्षको यसै अवधिको तुलनामा २० प्रतिशतले बृद्धि भएको छ । संघीय सरकारबाट प्राप्त हुने अनुदान, बाडफाड भइ आउने कर तथा आन्तरिक राजश्वको बृद्धिले समग्र आय बृद्धि हुन पुगेको हो ।

प्रकासन तथा सम्पादन
बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा

## बुद्धशान्ति गाउँपालिकाको सरकारी खर्च

१. आर्थिक बर्ष २०८१/०८२ को असोज महिनासम्म जम्मा रु १० करोड २० लाख खर्च भएको छ । कुल खर्च मध्ये चालु खर्च रु ८ करोड ६ लाख र पूँजिगत खर्च रु २ करोड १४ लाख रहेको छ ।

तालिका (क) पछिल्लो तीन बर्षको असोज महिनासम्मको खर्च स्थिति (रु लाखमा)

| बजेट/आव | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| चालु खर्च | ७०४ | ७४८ | ८०६ |
| पूजिगत खर्च | ९२ | ९६ | २१४ |
| जम्मा खर्च | ७९६ | ८४४ | १०२० |

२. अघिल्लो आर्थिक बर्ष २०८०/०८१ को यसै अवधिमा चालु खर्च रु ७ करोड ४८ लाख र पूजिगत खर्च रु ९६ लाख भएको थियो ।

३. चालु आ.ब. २०८१/०८२ मा बुद्धशान्ति गाउँपालिकाको कुल बजेट रु ६६ करोड ३७ लाख रहेको छ । गत आ.ब. २०८०/०८१ मा रु ६० करोड ८२ लाख र आ.ब. २०७९/०८० मा रु ६८ करोड ४१ लाख विनियोजन रहेको थियो ।

तालिका (ख) आ.ब. २०८१/०८२ असोज सम्मको मासिक खर्चको विवरण (रु लाखमा)

| शीर्षक/महिना | श्रावण | भदौ | असोज | जम्मा | बार्षिक बजेट | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| चालु खर्च | ० | ७५ | ७३१ | ८०६ | ४०९९ | १९.६६ |
| पूजिगत खर्च | ० | ० | २१४ | २१४ | २५३८ | ८.४३ |
| **जम्मा खर्च** | **०** | **७५** | **७३१** | **१०२०** | **६६३७** | **१५.३७** |

४. वि सं २०८१ असोज मसान्तसम्म संघ, प्रदेश र स्थानिय राजश्व बाडफाडबाट रु १ करोड ६२ लाख प्राप्त भएको छ । यस अवधिमा पालिकाको आन्तरिक राजश्व रु ७१ लाख प्राप्त भएको छ । यसै गरि संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रु १२ करोड ७९ लाख रहेको छ । यसरी आर्थिक बर्ष २०८१/०८२ को प्रथम त्रैमासिकसम्म स्थानीय संचित कोषमा गत बर्षको बैंक मौजदात बाहेक राजश्व तथा अनुदान जम्मा रु १५ करोड ११ लाख प्राप्त भएको छ ।

५. गत आव २०८०/०८१ को असोजसम्मको तुलनामा चालु आवको असोजसम्म कुल राजश्व संकलनमा २.८९ प्रतिशत ले बृद्धि भएको छ । यस आर्थिक बर्षबाट महालेखा नियन्त्रक कार्यालयको राजश्व संकलन प्रणालि (SuTRA) बाट राजश्वको संकलन तथा लेखांकन गर्ने गरिएको छ । अघिल्लो आर्थिक बर्षको यसै अवधिको तुलनामा बाडफाडबाट प्राप्त राजश्वमा ३३.८८ प्रतिशतले बृद्धि भएको छ । त्यस्तै आ.ब. २०८०/०८१ को तलुनामा आ.ब. २०८१/०८२ मा संघ र प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण अनुदान, शसर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदानमा १९.६६ प्रतिशतले बृद्धि भएको छ ।

तालिका ग बुद्धशान्ति गाउँपालिकाको संचित कोष खातामा राजश्व तथा अनुदान प्राप्तिको तुलनात्मक विवरण (रु लाखमा)

| शीर्षक | बार्षिक लक्ष्य (२०८१/०८२) | चालु आब २०८१/०८२ असोज महिना सम्मको जम्मा प्राप्ति | गत आव २०८०/०८१ को असोज महिना सम्मको जम्मा प्राप्ति | गतको तुलनामा चालुको बृद्धि |
|---|---|---|---|---|
| आन्तरिक राजश्व | ७७४ | ७१ | ६९ | २.८९ |
| बाडफाडबाट प्राप्त राजश्व | १४४४ | १६२ | १२१ | ३३.८८ |
| समानिकरण अनुदान | १४८१ | ३७० | ३४० | ८.८२ |
| शसर्त अनुदान | २६५३ | ८७५ | ७२८ | २०.१९ |
| विशेष अनुदान | ८५ | ० | ० | ०.०० |
| समपुरक अनुदान | २०० | ३३ | ० | - |
| जम्मा | ६६३७ | १५११ | १२५८ | २०.११ |
| गत बर्षको बैंक मौजदात | | १८८ | ३७० | |
| कुल जम्मा | ६६३७ | १६९९ | १६२८ | ३.३६ |